# मंगलसेन नगरपालिका

मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश नेपाल

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

२०७८

। नगर सभाबाट स्वीकृत मितिः २०७९ असार २१ गते मंगलबार।

CamScanner

# मंगलसेन नगरपालिका

मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश नेपाल

# सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन

## २०७८

नगर सभाबाट स्वीकृत मितिः २०७९ असार २१ गते मंगलबार।

नगर प्रमुख

# अध्ययनकर्ताको तर्फबाट

नेपालको संविधान जारी पश्चात संवैधानिक व्यवस्थालाईकार्यान्वयन गर्न नेपाल सरकारले वि.स.२०७३ बाट साविकका ३३०० भन्दा माथी रहेका गाउँ विकास समितिहरू र २१७ नगरपालिकाहरूलाई समायोजन गरी २९३ नगरपालिकाहरू र ४८० गाउँपालिकाहरू सहित ७५३ स्थानीय तह गठन गरी कार्यान्वयनमा ल्याएको छ ।वि.सं. २०७४ मा भएकोस्थानीयतहको निर्वाचन पछि निर्वाचित जनप्रतिनिधिहरूबाट कार्यभार सम्हाल्दा गाउँपालिका तथा नगरपालिकाहरूको संगठनात्मक अवस्थानिकै कमजोर अवस्थामा रहेको थियो । स्थानीय सरकार संचालन ऐन २०७४ वमोजिमका कार्यजिम्मेवारीहरू सम्पादन गर्न स्थानीय तहको प्रशासकीय प्रणालीकोपुनःसंरचनाको आवश्यकता सोही समय देखि महसूस भएको हो । स्थानीय तह मार्फत जनतालाई पु-याउनु पर्ने सेवा तथा सुविधाहरू निर्वाध रूपमा उपलब्ध गराउन संगठन निर्माण, आवश्यक जनशक्ति पहिचान र व्यवस्थापन कार्य निकै चुनौतिपूर्ण विषयको रूपमा देखिन पुग्यो । निर्वाचित जनप्रतिनिधिको लागि पनि तोकिएका कार्य जिम्मेवारीहरू निर्वाह गर्न कस्तो संगठन निर्माण गर्ने सो नितान्त नौलो विषयको रूपमा देखा प-यो ।

नेपाल सरकारले कर्मचारी समायोजनको कार्य सम्पन्न गर्न उपलव्ध गराएको अस्थायी संगठनात्मक ढांचा र दरवन्दी गाउँ तथा नगरपालिकाको आवश्यकता सम्वोधन गर्न पर्याप्त थिएन ।यस अवस्थामा कर्मचारी समायोजनको काम एक हदसम्म सम्पन्न भई सकेको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ वमोजिम प्रत्येक स्थानीय तहले आफ्नो संगठनको विशिष्टता तथा आवश्यकताको आधारमा विद्यमानसङ्गठन संरचना र जनशक्तिको पुनरावलोकन गरी नयाँ जिम्मेवारी निर्वाह गर्न सक्षम प्रशासकीय संगठन निर्माण गर्ने कामलाई प्राथमिकता दिएको हुदा नै मंगलसेन नगरपालिकाको बर्तमान संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य सम्पन्न गरीएको छ । सङ्गठन संरचना र जनशक्तिको पुनरावलोकन गर्दा नगरपालिकाबाट उपलब्ध भइआएका वर्तमान सेवा प्रवाहमा असर नपर्ने गरी चुस्त र छरितो सङ्गठन निर्माण गर्नुपर्ने अप्ठेरा परिस्थितिहरु वीच गरीएको यस सर्वेक्षण अध्ययनबाट नगरपालिकाको भौगोलिक अबस्था, कार्यालय इकाइहरुको कार्यक्षेत्रका चुनौतिहरु र प्रभावकारी सेवा प्रवाहको अवस्था सम्बोधन हुने विश्वास गरीएको छ ।

मंगलसेन नगरपालिकाको प्रस्तुत सङ्गठन सर्वेक्षण अध्ययन सम्बन्धी कामलाई यथार्थपरक तथा व्यवहारिक बनाउन अध्ययन समूहलाईकार्य सम्पादनमा नीतिगत मार्गदर्शन सहित सहयोग प्राप्त भएकोमा नगर प्रमुख श्री पदम बहादुर बोहराज्यू, र उपप्रमुख श्री सरिता उपाध्यायज्यू प्रति कृतज्ञता ज्ञापन गर्दछौं ।

अध्ययनका कममा संस्थागत रूपमा संगठनको स्वरूप लगायत जनशक्ति व्यवस्थापनका विषयमा आफ्नो लामो प्रशासकीय अनुभवमा आधारित सुझाव तथा पृष्ठपोषण प्रदान गरी अध्ययन समूहलाई कार्य सम्पादनमा निमित्त प्रमुख प्रशासकीय अधिकृत श्री खकेन्द्र बहादुर सोडारीजीले गर्नु भएको सहयोगका लागि आभार व्यक्त गर्दछौं । साथै नगर कार्यपालिकाको कार्यालयका कर्मचारीहरुबाट प्राप्त सहयोगका लागि धन्यवाद ज्ञापन गर्दछौ ।

कन्सल्ट श्री सिवसटी प्रा.लि., काठमाण्डौ, नेपाल



CamScanner

# विषय-सूची


शिर्षक पाना ............ I

अध्ययन कर्ताको तर्फबाट आभार ............ II

विषयसूची ............ IV

अध्याय -१परिचय ............ - 1 -

१.१ पृष्ठभूमि ............ - 1 -

१.२ औचित्य ............ - 2 -

१.३ आवश्यकता ............ - 4 -

१.४ कार्य शर्तहरु ............ - 5 -

१.५ अध्ययन/ पुनरावलोकन तथा मसौदा तयारि पद्धति ............ - 5 -

१.६ अध्ययनका सीमाहरु ............ - 6 -

अध्याय २- अध्ययन तथा पुनरावलोकन ............ - 7 -

२.१ सङ्गठन र दरवन्दी सम्बन्धी सवल पक्ष ............ - 7 -

२.२ सङ्गठन ढाँचा र दरवन्दी सम्बन्धी कमजोर पक्ष ............ - 7 -

२.३ सङ्गठन सुधारका मार्गदर्शन ............ - 8 -

२.४ नगरपालिकाको सङ्गठन र दरबन्दि सम्वन्धमा भएका विगतको अध्ययनको सुझाव ............ - 9 -

अध्याय -३ विश्लेषण तथा दरबन्दी प्रस्ताव ............ - 10 -

३.१ सङ्गठन संरचना र दरबन्दी ............ - 10 -

३.२ कार्य जिम्मेवारीको वर्गीकरण ............ - 12 -

३.३ कार्यबोझ विश्लेषणको अवस्था र नगरपालिकाको कार्य जिम्मेवारी ............ - 13 -

३.४ सङ्गठन संरचना र दरवन्दी प्रक्षेपणका आधार ............ - 13 -

३.५ सङ्गठन संरचना प्रस्ताव ............ - 15 -

३.६ कार्य विवरण ............ - 15 -

३.७ आर्थिक व्ययभार ............ - 16 -

अध्याय ४- मूख्य सुझावहरु ............ - 17 -

अनुसूचीहरु ............ - 19 -


पदम बहादुर बोहरा
नगर प्रमुख

# अध्याय -१ परिचय

## १.१ पृष्ठभूमि

संघीय संरचनाका आधारमा मुलुकलाई ७ प्रदेशमा विभाजन गरीए पश्चात सुदूरपश्चिम प्रदेश क्षेत्रफलका दृष्टिले छैठौं ठूलो र जनसंख्याका दृष्टिले पाचौं ठूलोप्रदेश भएको छ । यस प्रदेश भित्र ९ जिल्ला अन्तर्गत उपमहानगरपालिका १, नगरपालिका ३३ र गाउँपालिका ५४ सहित कुल ८८ स्थानीय तहहरू पर्दछन ।कुल ३३ नगरपालिकाहरू मध्ये अछाम जिल्लाको मंगलसेन नगरपालिका यस प्रदेशको एक सुन्दर र तीव्र विकासको संभावना बोकेको नगर हो । अछाम जिल्लाको सदरमुकाम समेत रहेको यो नगरपालिकासाविकको कुन्तीबण्डाली, मंगलसेन, जनालीबण्डाली, वलीगाउँ, जुपु, बान्नातोली, बस्ती र कालागाउँ मिलेर बनेको हो । जम्मा २२०.१४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको यस नगारपालिकामा १४ वडाहरु रहेका छन। नेपालको जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार यस नगरपालिकाको कुल जनसङ्ख्या जम्मा २६८४३रहेको छ । तर नगरपालिकाको घरधुरी सर्वेक्षण अनुसार यस नगरपालिकाको जनसङ्ख्या ३७४९३ रहेको छ जसमा महिला १८७२१ र पुरुष १८७७५ जना रहेका छन । देशको राजधानी काठमाण्डौ देखि लगभग ९४५ कि.मी तथा सुदूरपश्चिमको ठूलो शहर धनगडीबाट लगभग ३०५ कि.मी. र कर्णाली प्रदेशको राजधानी सुर्खेतबाट १५२ कि.मीको दुरीमा अवस्थित यस नगरपालिका सामाजिक, राजनैतिक एव ऐतिहासिक महत्वले भरिएको छ ।

नेपालको संविधानको अनुसूची- ८ र ९ मा स्थानीय तहको एकल अधिकार र साझा अधिकारका सूचीहरू उल्लेख गरीएका छन ।स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानको अनुसूची-८ मा उल्लेख भएका अधिकारको सर्वमान्यतामा प्रतिकूल असर नपर्ने गरी गाउँपलिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उल्लेख गरेको छ । मंगलसेननगरपालिका (कार्यविभाजन) नियमावली, २०७४ मा व्यवस्था भए अनुसार नगरपालिकाको कार्यसम्पादन वडा समिति र विषयगत शाखाहरू (शिक्षा, स्वास्थ्य, कृषि, पशु विकास, आर्थिक विकास, पूर्वाधार विकास लगायत) बाट फछ्र्यौट हुने कानूनी व्यवस्था रहेका छन ।

निजामति सेवाको हकमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्नुपर्ने कानुनी प्रावधान निजामती सेवा ऐन, २०४९ मा रहेको छ । स्थानीय तहको हकमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीयतहको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका सम्बन्धमा विभिन्न प्रावधान रहेका छन । नगरपालिकालेआफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टताका आधारमा **संङ्गठन तथा व्यवस्थापन सर्वेक्षण** गर्नुपर्ने कानूनी व्यवस्था रहेको छ । सङ्गठन सम्बन्धी पुनर्संरचना गरिदा कायम सङ्गठन संरचना, सङ्गठनको कार्यक्षेत्र, सेवा प्रवाह सम्बन्धी कार्यबोझर सोको औचित्य तथा उपलब्ध मानवस्रोत समेतको आधारमा कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गरी सङ्गठन ढाँचा, पदनाम, कार्यविवरण, जिम्मेवारी र सङ्ख्या सहितको दरबन्दी सम्बन्धि स्थानीय तहको सभाबाट स्वीकृति गरी लागु गरीनु पर्दछ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने संवैधानिक प्रावधान छ । स्थानीयतहका कर्मचारीहरुको सेवा र शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रत्यक्ष भूमिका रहने प्रदेश लोकसेवा आयोगकको गठन सम्वन्धी ऐन प्रदेश सभाबाट निर्माण भई प्रदेश लोक सेवा आयोगको गठन भई सकेकोले सो सम्वन्धि आधार र मापदण्ड छिटै निर्धारण हुने अपेक्षा गरीएको छ ।

नेपालका संपूर्ण स्थानीय तहहरूको लागि आवश्यक जनशक्ति नेपाल सरकारवाट कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम गरीएको छ । सोही अनुसार मंगलसेन नगरपालिकामा समेतकर्मचारीहरुको खटनपटन नेपाल सरकारबाट नै भएको छ । हालसम्म नगरपालिकामा कायम भएका सङ्गठन संरचना र कर्मचारीको दरबन्दी तेरिज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूनाको रूपमा प्राप्त भए अनुसार नै कायम रहेको भए पनि नेपाल सरकारले तोकेको दरबन्दी र समायोजनको अवस्था हेर्दा सङ्गठन संरचना र दरबन्दी विचमा कुनै तालमेल देखिदैन ।

स्थानीय सरकारको भूमिकामा नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउन विद्यमान भौगोलिक अबस्था, उपलब्ध न्यून जनशक्ति, नयाँ सङ्गठन निर्माणर कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार प्रमुख चुनौतिका रुपमा देखा परेका छन । कर्मचारी समायोजन प्रयोजनको लागि नमूनाको रूपमा कायम गरीएको सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम जटील हुनगएको छ ।नगरपालिकाबाट विगत बर्षहरूमा सङ्गठनको पुनःर्संरचना सम्बन्धमाकेही प्रयास तथा गृहकार्यहरु भएपनि सो काम टुङ्गोमा पुगेको अबस्थाछैन ।सङ्गठन संरचनाका सम्बन्धमा देखिएका अस्पष्टताहरु समेतको विश्लेषण पश्चातमात्र नगरपालिकाको सङ्गठन संरचना र जनशक्तिको खाका तयार गरीनुउपयुक्त हुने पृष्ठभूमिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार प्रस्तुतसङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरीएको हो ।

## १.२ औचित्य

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट कर्मचारी समायोजन प्रयोजनलाई मध्यनजर गर्दै सबै ७५३ स्थानीय तहलाई जनसंख्याको आधारमा वर्गीकरण र समूहकृत गरी उपलब्ध गराईएको पछिल्लो सङ्गठन ढाँचा र कायम दरबन्दीलाई नै यस नगरपालिकाले पनि आफ्नो सङ्गठन ढाँचा र दरबन्दीको आधार लिई सोही बमोजिम न्युनतम दरबन्दी कायम गरी कार्य संचालन गर्दै आएको छ । नेपाल सरकारबाट नै कायम गरीएको दरबन्दी र कर्मचारी समायोजनको अवस्था हेर्दा नगरपालिकाको कार्यजिम्मेवारी र कार्यबोझको लागि जनशक्तिको आवश्यकता र उपलब्ध जनशक्तिको संख्याको अबलोकन र विश्लेषण गर्दा नगरपालिकाको सङ्गठन समयसापेक्ष र व्यवहारिक रहको देखिदैन ।संविधान बमोजिमका कार्यजिम्मेवारी र विभिन्न कानूनहरूबाट नगरपालिकाले सम्पादन गर्नु पर्ने गरी तोकिएका काम कर्तव्य र अधिकारमा आधचरित समग्र कार्यसम्पादनका दृष्टिले पनि नियन्त्रण तथा सन्तुलन नमिलेको बोझिलो र असन्तुलित सङ्गठनको रूपमा रहेको पाईन्छ ।विद्यमान



पदम बहादुर बोहरा
नगर प्रमुख

दरबन्दीको संख्यालाई अध्ययन गर्दा नेपाल सरकारबाट स्वीकृत सङ्गठन ढाँचा, स्थानीय तहको आवश्यकता अनुरुपको सङ्गठन निर्माण, मातहतका विद्यमान संरचना, स्थानीय तहका कार्यहरु (job) र कार्य प्रकृति र कार्यबोझको विश्लेषण सम्बन्धी थप विश्लेषण गर्नुपर्ने अबस्था रहेको छ ।

संघीय सरकारले कर्मचारी समायोजनको कार्य पूरा गरी सकेको अवस्थामा नगरपालिकाको कार्यजिम्मेवारी र कार्यसम्पादनको लागि बर्तमान सङ्गठन र दरबन्दीको पुनरावलोकन गरी नयाँ सङ्गठन संरचना र सो को आधारमा जनशक्ति प्रक्षेपण सहित अद्यावधिक गर्न आवश्यक देखिएको छ ।यस विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ ले नगरपालिकालाई कार्यजिम्मेवारी सुम्पेको छ ।नगरपालिकाको भौगोलिक कार्य क्षेत्र विस्तारको कारण वर्तमान जनसंख्यालाई पु-याउनु पर्ने सेवा प्रवाहको अत्यधिक चाप थेग्न रविस्तारित सहरी स्वरुपमा आधारित शहरी सुविधाहरुको विस्तार र नयाँ सम्भावनाहरुलाई थप विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी विवरण र प्रस्ताव गर्नुपर्ने आवश्यकता रहेको छ ।
उल्लेखित पृष्ठभूमिका आधारमास्वीकृत नीति तथा कार्यक्रम अनुरुप नगरपालिकालाई नतिजामुखी बनाइ जनशक्तिको उचित प्रयोगको सिद्धान्तमा रही कुल जनशक्तिको प्रक्षेपण र सङ्गठन सम्बन्धमा अबलम्बन गर्नुपर्ने अन्य उपायहरु सिफारिश गर्नुपर्ने आवश्यकता अनुरुप प्रस्तुत सङ्गठन सर्वेक्षण गरीएको हो ।

प्रत्येक प्रदेशमा प्रदेश लोक सेवा आयोग रहने र प्रदेश लोक सेवा आयोगको गठन, काम, कर्तव्य र अधिकार प्रदेश कानून बमोजिम हुने संवैधानिक प्रावधान छ । स्थानीय तहका कर्मचारीहरुको सेवा र शर्तका विषय र छनौट तथा नियुक्ति लगायतका विषयमा प्रत्यक्ष भूमिका रहने प्रदेश लोकसेवा आयोगकको गठनका सम्वन्धमा प्रदेशसभाबाट लोक सेवा गठन सम्वन्धि ऐन बनाई आयोगको गठन समेत भई सकेको छ । हाल नगरपालिकामा कर्मचारीहरुको खटनपटन नेपाल सरकारबाट कर्मचारी समायोजन ऐन, २०७४ बमोजिम भएको छ । हालसम्म नगरपालिकामा कायम भएका सङ्गठन संरचना र कर्मचारिको दरबन्दी तेरिज सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूनाको रूपमा प्राप्त भए अनुसार नै कायम रहेको भए पनि नेपाल सरकारले तोकेको दरबन्दी र समायोजनको अवस्था हेर्दा सङ्गठन संरचना र दरबन्दी विचमा तालमेल रहेको देखिँदैन ।

स्थानीय सरकारको भूमिकामा नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउन विद्यमान विषम भौगोलिक अवस्था, उपलव्ध न्यून जनशक्ति, नयाँ सङ्गठन निर्माण र कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार प्रमुख चुनौतिका रुपमा देखा परेका छन । कर्मचारी समायोजन प्रयोजनको लागि नमूनाको रूपमा कायम गरीएको सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम जटील हुन गएको छ । नगरपालिकाबाट विगत बर्षहरूमा सङ्गठनको पुनःसंरचना सम्बन्धमा केही प्रयास तथा गृहकार्यहरु भएपनि सो काम टुङ्गोमा पुगेको अबस्था छैन । सङ्गठन संरचनाका सम्बन्धमा देखिएका अस्पष्टताहरु समेतको विश्लेषण पश्चात मात्र नगरपालिकाको सङ्गठन संरचना र जनशक्तिको खाका तयार गरीनुउपयुक्त हुने पृष्ठभूमिमा स्थानीय सरकार संचालन ऐन, २०७४ को मर्म र भावना अनुसार प्रस्तुत सङ्गठन संरचना सम्बन्धी अध्ययन तथा सर्वेक्षण गरीएको हो ।

पदम बहादुर बोहरा
नगर प्रमुख

## १.३आवश्यकता

विकासका लागि मानव श्रोतको समुचित व्यवस्थापन एक महत्वपूर्ण कार्य हो । विकासको लक्ष हासिल गर्नकालागि सार्वजनिक क्षेत्रमा आवश्यक मानव श्रोतको विकास र समुचित उपयोग विना संभव छैन। स्थानीय तहमा मानव संसाधन व्यवस्थापनसँग सम्वन्धित कार्यहरू अपेक्षाकृत प्रभावकारी हुन नसक्दा संख्यात्मक रूपमा धेरै तर गुणात्मक रूपमा कमजोर जनशक्तिका कारण स्थानीय तहहरू श्रोत साधन अधिकार र नेतृत्व हुदा पनि प्रभावकारी बन्न सकेको छैनन । मानव श्रोतको व्यवस्थापकीय पक्षमा यथेष्ट ध्यान नपुगेसम्म यसका अर्न्तनिहित संभावनाहरू (Potentialities) को अधिकतम विकास र उपयोग हुन सक्दैन।

नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सबै ७५३ स्थानीय तहलाई जनसंख्याको आधारमा वर्गीकरण र समूहकृत गरी उपलव्ध गराईएको पछिल्लो सङ्गठन ढाँचा र कायम दरबन्दी नै यस नगरपालिकाको सङ्गठन ढाँचा र दरवन्दीको आधार रहेको छ ।नेपाल सरकारवाट कायम गरीएको दरवन्दी र कर्मचारी समायोजनको अवस्था हेर्दा नगरपालिकाको कार्यजिम्मेवारी र वर्तमान कार्यबोझका विचमा तालमेल रहेको पाईदैन । संगठनको लागि जनशक्तिको आवश्यकता र उपलव्ध जनशक्तिको संख्याको अवलोकन र विश्लेषण गर्दा नगरपालिकाको सङ्गठन असन्तुलित रहनुका साथै समग्र कार्यसम्पादनका दृष्टिले पनि नियन्त्रण तथा सन्तुलन नमिलेको बोझिलो सङ्गठनको रूपमा रहेको पाईन्छ ।

कर्मचारी समायोजनको कार्य करीव करीव पूरा भई सकेको अवस्थामा नगरपालिकाको कार्यजिम्मेवारी र कार्यसम्पादनको लागि वर्तमान सङ्गठन र दरबन्दीको पुनरावलोकन गरी नयाँ सङ्गठन संरचना र सो को आधारमा जनशक्ति प्रक्षेपण सहित अद्यावधिक गर्न आवश्यक देखिएको छ ।

मंगलसेन नगरपालिकाको वर्तमान संरचना र नगरक्षेत्रमा बसोबास गर्ने वर्तमान जनसंख्यालाई पु-याउनु पर्ने सेवा प्रवाहको चाप थेग्न र विस्तारित शहरी स्वरुपमा आधारित शहरी सुविधाहरुको विस्तार, भौगोलिक अवस्था र नयाँ सम्भावनाहरुलाई थप विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी विवरण र प्रस्ताव गर्नुपर्ने आवश्यकता रहेको छ ।

विद्यमान दरबन्दीको संख्यालाई अध्ययन गर्दा नेपाल सरकारबाट स्वीकृत सङ्गठन ढाँचा, स्थानीय तहको आवश्यकता अनुरुपको सङ्गठन निर्माण, मातहतका विद्यमान संरचना, स्थानीय तहका कार्यहरु (job) र कार्य प्रकृति र कार्यबोझको थप विश्लेषण गर्नुपर्ने अबस्था रहेको छ ।

उपर्युक्त पृष्टभूमिमा नगरपालिकालाई स्वीकृत नीति तथा कार्यक्रम अनुरुप किफायती, नतीजामुखी बनाइ जनशक्तिको उचित प्रयोगको सिद्धान्तमा रही कुल जनशक्तिको प्रक्षेपण र सङ्गठन सम्बन्धमा अबलम्बन गर्नुपर्ने अन्य उपायहरु सिफारिश गर्नुपर्ने आवश्यकता अनुरुप प्रस्तुत सङ्गठन सर्वेक्षण गरीएको हो ।

पदम बहादुर बोहरा
नगर प्रमुख

## १.४ कार्य शर्तहरु

मंगलसेन नगरपालिकाबाट सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका लागि दिएइका कार्यशर्तहरु निम्न बमोजिम तोकिएका थिए ।

- कार्य प्रकृति र कार्यबोझको आधारमा मौजुदा सङ्गठन संरचनामा सुधार एवम् पुनर्संरचना सहितको नगरकार्यपालिकाको कार्यालय र मातहत स्थापना हुने सङ्गठन / इकाईहरुको संरचना ढाँचा तथा तहगत दरबन्दी तेरीज तयारी,
- सङ्गठन संरचनाका आधारमा प्रस्तावित दरबन्दी भित्रका सबै तहका पदहरूको लागि वार्षिक रुपमा व्यहोर्नु पर्ने व्ययभार, र
- कर्मचारी व्यवस्थापन सम्वन्धी नीति कार्यान्वयन गर्न सुझावहरु ।

## १.५ अध्ययन/ पुनरावलोकन तथा मसौदा तयारि पद्धति

अध्ययन प्रतिवेदन विभिन्न स्रोत तथा सङ्कलित तथ्याङ्कहरूको विश्लेषणमा आधारित छ । प्रतिवेदनलाई थप स्पष्ट एवं वस्तुनिष्ठ बनाउन देहायका सामाग्रीहरूको अध्ययन गरीएको थियो ।

- सङ्गठन संरचनाका सैद्धान्तिक आधारहरुको अध्ययन,
- नेपालको संविधानको धारा ५७ र सम्बन्धित अनुसूची ५, ६, ७, ८, ९ र १० मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकार र साझा अधिकारका विषयहरू ,
- सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन सम्बन्धमा विगतका नगरसभाहरूको निर्णय, मार्गदर्शनहरू
- सङ्गठन सर्वेक्षण तथा व्यवस्थापन सम्वन्धि नगरपालिकामा उपलव्ध प्रतिवेदनमा उल्लेखित सुझावहरु,
- नगर कार्यपालिका कार्यालयबाट प्राप्त दरबन्दी सम्बन्धी विवरणहरू,
- नगर कार्यपालिका कार्यालयबाट प्राप्त कर्मचारीहरूको विवरणहरू
- स्थानीय तहको कार्यसँग सम्वन्धित ऐन तथा नियमावलीहरू ।

सङ्गठनको सेवा इकाइहरुको संख्या र जनशक्ति विश्लेषण गर्दा कायम भएका वडाहरू, नगरपालिका केन्द्रबाट ती वडाहरूको भौगोलिक दुरी तथा सेवाप्रवाहका दृष्टिले विद्यमान वडा कार्यालयहरु सम्मको पहुँच, कार्यपालिका अन्तर्गत रहेको शाखा/उपशाखाहरुको सङ्ख्या र उपलब्ध सेवा र सो सम्बन्धी विभिन्न कठिनाइहरुको अवस्था विश्लेषण गरीएको थियो ।

अध्ययनका लागि सुझाव सङ्कलन गर्न नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु र नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी प्रशासन लगायत सबै शाखा सम्बद्ध कर्मचारीहरु र सरोकारवालाहरू सँग शाखाको कार्यबोझ, कर्मचारीको उपलब्धता र कार्यसम्पादनको अवस्था लगायतका विषयमा घनिभूत छलफल गरी सुझाव तथा पृष्ठपोषण लिइएको थियो । अन्तरकृया गर्ने क्रममा शाखा तथा ईकाइहरुमा कार्यरत विभिन्न तहका कर्मचारिहरुसंग छलफल मार्फत सङ्गठन संरचना, कर्मचारिको दरबन्दी, सेवा समुह, कार्यभार, कार्य विश्लेषण लगायतका विवरण सम्बन्धि सूचना सङ्कलन गरीएको थियो । अध्ययन प्रस्ताव



पद्म बहादुर बोहरा

मसौदा उपर नगर कार्यपालिकाको कार्यालयमा विभिन्न तहमा गरीएका छलफल र वैठकबाट प्राप्त प्रतिकृया, सुझावहरु समावेश गरी यो प्रतिवेदन तयार गरीएको छ ।

### १.६ अध्ययनका सीमाहरु

प्रस्तुत सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन मंगलसेन नगरपालिकाबाट दिइएको कार्यशर्तमा उल्लेख भए बमोजिम मूलभूत रूपमा नगरपालिकाको बर्तमान संगठनात्मक संरचना र कायम दरवन्दीको पुनरावलोकनमा आधारित रहि प्रस्तावित सङ्गठन, आवश्यक जनशक्तिको तहगत दरवन्दी रकार्य विश्लेषणमा सीमित रहि तयार गरीएको छ ।

कार्यशर्तमा उल्लेखित विषयहरु गहनताको दृष्टिकोणबाट संघ, प्रदेश ,स्थानीय तह लगायत अन्य विषयगत क्षेत्रसँग समेत सम्वन्धित भएकाले यी सवै क्षेत्र र विषयको विस्तृत अध्ययन गर्नु पर्ने अवस्था रहे पनि अध्ययनको लागि तोकिएको समय सीमा र कार्यशर्तको सीमितताले सो संभव हुन सकेन ।

यो नगरपालिका गठन भएको जम्मा ७ वर्ष मात्र पूरा भएको र यस अवधिमा ३ वर्ष निजामति कर्मचारीको नेतृत्वमा र २०७४ को स्थानीय निर्वाचन पश्चात मात्र निर्वाचित जनप्रतिनिधिको नेतृत्वमा संचालनमा रहेको अवस्थामा संगठनात्मक विकास सम्वन्धी अवधारणामा आधारित गहन अध्ययन तथा सर्वेक्षणका कामहरू नगरीएको अवस्थामा अहिलेको अध्ययन नितान्त शुरूवाती अवस्थामा गरीनु पर्दा यसको विगतका अवस्थाको यकीन चित्रण र प्रयोग वारे वस्तुनिष्ठ जानकारी पाउन नसक्नु पनि अध्ययनको सीमाको रूपमा लिइएको छ ।

नेपाल सरकारले विभिन्न सेवा समूह उपसमूहमा रहेका निजामति सेवाका कर्मचारीहरू तथा विभिन्न स्थानीय सेवाका कर्मचारीहरू स्थानीय सरकारको मातहतमा समायोजन गरी पदस्थापना गरेकोमा विगतमा आ-आफ्नै सेवा समूहको Chain of Command मा काम गरी आएका कर्मचारीहरू राजनीतिक नेतृत्वको मातहतमा काम गर्नु पर्ने अवस्थाका लागि मानसिक रूपमा तयारी नहुदा संस्थाको क्षमता भन्दा पनि आफ्नै पदीय अवस्थामा केन्द्रीत रहि संगठन निर्माणका लागि रूची राख्ने अवस्थालाई पनि अध्ययनको सीमाका रूपमा लिइएको छ ।

अध्ययनका उल्लेखित विषयहरु जटिल प्राविधिक प्रकृतिको कार्यभएको र तत्कालको संक्षिप्त अध्ययनले सो विषय समेटन संभव नरहेको अवस्थामा उपलब्ध समय सीमा भित्र प्रस्तुत अध्ययन एवम् पुनरावलोकनको काम सम्पादन गरीएको छ ।

# अध्याय २- अध्ययन तथा पुनरावलोकन

## २.१ सङ्गठन र दरबन्दी सम्बन्धी सबल पक्ष

नेपालको संविधान अनुसार स्थानीय तहको एकल र साझा अधिकारका विषयहरू र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा उल्लेखित सेवा प्रवाह र कार्य जिम्मेवारीका आधारमा वर्तमान सङ्गठन संरचना र उपलब्ध जनशक्तिको तुलनात्मक विश्लेषण गर्दा नगरपालिकाबाट विशेष रूपमा वडा कार्यालयहरू मार्फत दिईदै आएको सेवा सिमीत संख्यामा रहेका विषयगत दक्ष कर्मचारीबाट प्रदान हुदै आएको देखिन्छ । नगरपालिकामा समायोजनभन्दा पहिले देखि कार्यरत प्रायः कर्मचारीहरुले विषय क्षेत्र सम्बन्धी न्यूनतम तालिम र कार्यपालिका सदस्यहरुले स्थानीय सरकार सञ्चालन सम्बन्धी आधारभूत तालिमहरू प्राप्त गरेका छन ।

स्थानीय आधारभूत सेवा सम्बन्धी ईकाइ र वडा कार्यालयका इकाइहरु सीमीत कर्मचारीको नेतृत्वमा संचालित भएपनि सेवा प्रवाहमा कठिनाई भएता पनि प्रत्यक्ष रूपमा सेवा प्रवाहमा अवरोध रहेको पाईएन । नगरपालिकाले आफ्नो सीमित मानव स्रोतको उच्चतम प्रयोगबाट जनस्तरमा पु-याउनु पर्ने सेवाहरु अवरूद्ध नहुने तर सेवाहरु प्रदान गरी आएको देखिए पनि ती सबै सेवाहरू दक्ष तथा सीपयुक्त रूपमा आधुनिक प्रविधिमा आधारित गरी उपलव्ध गराउन सकिएको छैन । यस अवस्थाको वावजूद नगरपालिकाको वडा कार्यालयहरूवाट कम्प्युटरको प्रयोगलाई प्राथमिकतामा राखी सबै किसिमका सेवाहरू कम्प्युटर प्रयोगमा आधारित गरी प्रवाहको प्रयास गरीनुलाई सकारात्मक शुरूवातको रूपमा लिनु पर्दछ ।

नगरपालिकाको कुल २२०.१४ वर्ग कि.मी क्षेत्रफलको अनुपातमा शहरी क्षेत्रको विकास र विस्तार तीव्र रूपमा भई रहेको र मंगलसेनको क्षेत्रभित्र र नगर योजनाका क्षेत्र भन्दा बाहिर पनि ठूला तथा व्यवसायिक भवनहरूको निर्माणको गतिले अवको केही वर्ष भित्रमा यो नगर विकसित नगरको स्वरूपमा परिवर्तन हुने कुरालाई सम्बोधन गर्नु अनिवार्य रहेको छ ।

## २.२ सङ्गठन ढाँचा र दरवन्दी सम्बन्धी कमजोर पक्ष

विशिष्ट भौगोलिक तथा प्राकृतिक अवस्थालाई मध्यनजर गर्दा यस नगरपालिकाले आफ्नो स्वरूप र सुन्दरतालाई चित्ताकर्षक बनाउन गर्नु पर्ने पहलहरू, भौतिक विकासका प्रयासहरू, शहरी स्वरूपमा आधारित मानव विकास लगायत सेवा सुविधा प्रवाहमा विशिष्टिकरण र विविधिकरणलाई उच्च प्राथमिकतामा राख्न आवश्यक देखिन्छ । यो नगरपालिका भौतिक विकासको अवस्था तीव्र देखिए पनि साक्षरता र मानव विकास सूचकाङ्कमा अझै सुधार गर्नु आवश्यक रहेको छ ।

नगर कार्यपालिकाको भूमिका मूलभूत रूपमा स्थानीय विषयगत नीति तर्जुमा गर्ने, कानून निर्माण गर्ने , सरल, सहज तथा झंझटरहित तवरमा सेवा प्रवाह सुनिश्चित गर्ने, सो को अनुगमन गर्ने र स्थानीय सरकारको कार्यसम्पादनलाई थप प्रभावकारी बनाउन समन्वयकारी भूमिकामा बढी केन्द्रीत रहनु पर्ने हुन्छ । तदनुरूपको



पदम बहादुर बोहरा
नगर प्रमुख

CamScanner

नतीजा प्राप्तिको लागि सङ्गठन संरचना तयार गरी दक्ष कर्मचारिको व्यवस्थापन गरीनुपर्ने खाँचो महसूस गरीएको छ ।

हालका दिनमा प्रायःजसो स्थानीय तहका नेतृत्वमा रहेका पदाधिकारीहरू समन्वयकारी भूमिकामा भन्दा कार्यान्वयनकारी भूमिकामा बढि केन्द्रित हुदै गएको विषय प्राथमितकताका साथ उठने गरेको पाईन्छ । यस किसिमको प्रवृत्ती बढदै गएमा सो को प्रभाव स्वरूप सेवा प्रवाहमा प्रत्यक्ष / अप्रत्यक्ष रूपमा संलग्न रहने गरी सङ्गठन संरचना र कार्य प्रकृतिका आधारमा दक्ष कर्मचारीको आवश्यकता पहिचान गर्न संगठनबाट ययेष्ट गृहकार्य हुन नसकेन भने भावी संगठन दक्ष र सक्षम निर्माणमा अवरोध हुन सक्छ ।

वर्तमान सङ्गठन ढाँचाको स्वरूप अध्ययन गर्दा सेवाको प्रभावकारिता भन्दा विस्तारित इकाइहरुबाट नै सेवा प्रदान गरीनुपर्ने मान्यतामा केन्द्रित रहेको देखिन्छ । कार्यालय इकाइहरुको कार्य विवरण ( terms of reference) नै नबनाइ तथा कार्यबोझ विश्लेषण नै नगरी सङ्गठन ढाँचा तथा कर्मचारिको आवश्यकता निक्यौंल गरीने अभ्यासका कारण सङ्गठनहरू क्रमशः बोझिलो र अनुत्पादन ईकाईका रूपमा विकसित हुने जोखिम बढदै गएको छ ।

यस नगरपालिकामा समेत कार्यालय संचालन सम्बन्धी कम प्राथमिकताका कार्यहरु (non-core functions) जस्तै सुरक्षा, सरसफाई, मर्मतसंभार जस्ता कार्यका लागि लिइने सेवाका कार्यहरू करार सेवा संस्थाको सट्टा व्यक्तिसित नै सोझै करार गरी लिने गरीएको अवस्था देखिन्छ । यो अवस्थामा करार नियुक्ति गर्ने प्रकृयामा व्यक्तिको छनौट नियुक्तिकर्ताको रूची अनुकुल हुनेभएका कारण पनि त्यस्ता सेवाहरू संस्थाको कार्यबोझका आधारमा कति संख्यामा आवश्यक छ भन्ने यकीन नहुदा अनुत्पादक जनशक्ति धेरै रहने कारण वित्तीय दायित्व बढदै जाने खतरा रहेको देखिन्छ ।

सङ्गठन संरचना तयारी र कर्मचारिको संख्याका सम्बन्धमा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धि पछिल्ला सुझाव तथा रणनीतिहरु नगरपालिकाको खर्च मितव्ययिता र अधिकतम उपलब्धी हासिलसँग सम्बन्धित रहनु पर्ने औल्याईएको भएपनि सङ्गठन संरचना र कर्मचारिको संख्या कायम गरिंदा ती आधारहरु पूर्णतया अपनाइएको देखिंदैन ।

## २.३ सङ्गठन सुधारका मार्गदर्शन

नगरपालिकाकोसङ्गठनसुधारका लागि सङ्गठन सम्बन्धी स्थापित निम्न मान्यता एवं सिद्धान्तहरुलाई मार्गदर्शनका रूपमा लिइएको छ ।

- आधारभूत सेवाको सुनिश्चिता,
- सेवाको पहुँच र सेवाको गुणस्तर,
- उत्पादकत्व, कार्यकुशलतार मितव्ययीता,



पदम बहादुर बोहरा
नगर प्रमुख

- कार्य जिम्मेवारी र जवाफदेहिता,
- कार्यबोझ, जिम्मेवारी निर्वाह र कार्यसम्पादनका लागि सङ्गठनको ढाँचा (पिरामिड आकार),
- कर्मचारी समायोजनको आधार
- वृत्ति विकासको अवसर ।

## २.४ नगरपालिकाको सङ्गठन र दरबन्दि सम्बन्धमा भएका विगतको अध्ययनको सुझाव

स्थानीय तहहरू सङ्घीय संरचनामा रूपान्तरण हुनु पूर्व तयार गरीएको सङ्गठन विकास कार्यक्रम २०७१ का सुझावहरू हालको अवस्थामा पनि सान्दर्भिक रहेकोले सो कार्यक्रमका प्रमुख बुँदाहरु प्रस्तुत गरीएको छ :

- नगरपालिकाले आफुलाई कानुनद्वारा सुम्पिएका जिम्मेवारीहरु पुरा गर्न संघबाट उपलब्ध गराइने स्रोतको अतिरिक्त स्थानीयस्तरमा नै आवश्यक आर्थिक श्रोत सङ्कलन गर्ने र ऋण समेत लिन सक्ने सक्ने गरी वित्तिय अधिकारलाई सुनिश्चित गर्नुपर्ने ।
- नगरपालिका क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी संघसंस्थाहरु तथा सामुदायिक संस्था, औधागिक तथा व्यापारिक संस्थाहरुलाई योजना तर्जुमा , कार्यान्वयनमासहजकर्ता, सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्न आवश्यक पर्ने सङ्गठन निर्माण गर्ने ।
- स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीयस्तरमा पनि स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण गर्ने ।
- नगरपालिकाले आफ्नो उद्देश्य तथा भूमिकालाई स्पष्टरुपमा किटान गरी आवश्यकता अनुसार विभिन्न शाखा तथा उपशाखाको स्थापना गरी सुव्यवस्थित तवरले कार्यसञ्चालन गर्ने ।
- जनशक्तिको सहज व्यवस्था र ती निकायमा कार्यरत कर्मचारीहरुको वृति विकास समेतका लागि नगरपालिकाको सङ्गठन संरचना र दरबन्दी पुनरावलोकन गरी यसको संस्थागत क्षमतामा समयानुकुल सुधार एवं परिमार्जन गर्नुपर्ने ।

पदम बहादुर बोहरा
नगर प्रमुख

# अध्याय -३ विश्लेषण तथा दरबन्दी प्रस्ताव

## ३.१ सङ्गठन संरचना र दरबन्दी

माथीका अध्यायहरुमा उल्लेख गरीएका मार्गदर्शक नीति, अन्तरराष्ट्रिय प्रचलन तथा सङ्गठन व्यवस्थापनका सिद्धान्तहरुका र नगरपालिकाको नीति र भौगोलिक र विषयक्षेत्रगतरुपमा नसमेटिने नहुने सेवाका लागि कार्यालय इकाइहरु रहेका सङ्गठन संरचनाप्रस्ताव गरीएको छ । प्रस्तावित सङ्गठनस्वरुप तयार गर्दा तल लेखिएका विषयलाई आधार बनाइएको छ ।

### ३.१.१संविधान र कानूनले प्रत्याभूत गरेको कार्यक्षेत्र

- संविधानको धारा ५६ को उपधारा १ देखि ६ मा उल्लेखित व्यवस्था अनुसार ३ तहको सरकारको अवधारणा अनुसार गाँउपालिका तथा नगरपालिकाहरूले स्थानीय सरकारको स्वरुपमा संवैधानिक हैसियतमा काम गर्दछन,
- संविधानको भाग ५ को धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहले आफ्नो अधिकारका विषयमा कानून बनाउन सक्दछ ,
- धारा २१४ अनुसार स्थानीय तहको कार्यकारिणी अधिकार गाँउ कार्यपालिका तथा नगर कार्यपालिकामा निहित रहने,
- धारा २१८ अनुसार गाँउ कार्यपालिकातथा नगर कार्यपालिकालेआफ्नो कार्य संचालनका लागि कार्यपालिकाबाट कार्य विभाजन तथा कार्य सम्पादन नियमावली बनाउन सक्ने ,
- धारा २२१ अनुसार व्यवस्थापकीय अधिकार गाँउसभा र नगरसभामा निहित रहने व्यवस्था गरेको छ ।संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका २२ बटा विषय र अनुसूचसी ९ मा साझा अधिकारका १५ बटा विषयहरू निर्धारण भएको छ ।
- धारा २२६ ले स्थानीय तहका गाँउसभा तथा नगरसभाले अनुसूची ८ र ९ बमोजिमका सूचीमा उल्लेखित विषयमा कानून बनाउन सक्ने अधिकार प्रत्याभूत गरेको छ ।
- सोही अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ ले समेत स्थानीय सरकारको जिम्मेवारीका कार्यक्षेत्र र कामको विस्तृत व्याख्या गरेको छ ।
- यस आधारमा नेपालको संविधान र संघीय कानूनले स्थानीय तहलाई स्थानीय सरकारको स्वरूपमा स्वीकार गरेको छ ।

### ३.१.२ नगरकार्यपालिका कार्यालय र वडा कार्यालय बीच प्रशासनिक तथा आर्थिक सम्बन्ध

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १२ को उपदफा १ मा वडा समितिको काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुने र दफा २ मा कार्यपालिकाले काम कर्तव्य र अधिकार तोक्दा

देहाय बमोजिम तोक्नु पर्नेछ भनी उपशिर्षक क) देखि ङ) सम्मका ५ बुँदामा वडा समितिको काम कर्तव्य र अधिकारको सीमा तोकेको छ । यसलाई आधार मानी कार्यपालिका र वडाको कार्य सीमा तय गर्नुपर्दछ । कार्यपालिकाले आफुमा निहित थप अधिकार वडालाई प्रत्यायोजन गर्न सक्दछ । वडामा आवश्यक कर्मचारीहरूको खटनपटन लगायत उनीहरूको तलव भत्ता, सुविधा ,कार्यालय संचालनका सबै खर्चको व्यवस्थापन कार्यपालिकाबाट नै हुदै आएको छ । वडाबाट प्रदान गरीने विभिन्न सिफारिस तथा प्रमाणीकरणहरूबाट नगरसभाले स्वीकृत गरेको दरमा राजस्वसङ्कलन हुने र कार्यपालिकाबाट प्रत्यायोजित अधिकार बमोजिम सम्पत्ती कर, वहाल कर,व्यवसाय कर,मालपोत रकमहरू सङ्कलन गरी संकलित राजस्व रकम नगर कार्यपालिकाको आम्दानी खातामा दाखिला गर्ने गरीएको छ । वडाले आफुले सङ्कलन गरेको राजस्वको विवरण लगायत सम्पादित कामको मासिक, चौमासिक तथा बार्षिक प्रतिवेदन नियमित रुपमा कार्यपालिकालाई पठाउनु पर्दछ ।

कार्यपालिकाबाट वडालाई सेवा प्रवाह, विकास निर्माण ,नियमन कार्य लगायतका विषयमा सहजीकरण गरी निर्देशन दिनेतथा आवश्यकताका आधारमा प्रशासनिक र प्राविधिक सहयोग प्रदान हुने गरेको छ । वडालेकार्यपालिकाबाट प्राप्त निर्देशनलाई मार्गदर्शनका रूपमा ग्रहण गर्नुपर्दछ । कार्यपालिकाबाट नीति, मार्गदर्शन, प्रशासनिक खर्च तथा विकास बजेटको व्यवस्थापन गर्ने र वडाबाट संकलित राजश्व समेतको आधारमा थपश्रोत साधन व्यवस्थापन गर्नुपर्दछ।वडा कार्यालय जनताका आधारभूत सेवा प्रवाह, नियमन, वडा स्तरीय विकास निर्माण कार्यक्रम संचालन, समन्वय र अनुगमन गर्ने एवं राजस्व सङ्कलनको ईकाइको रूपमा रहेको छ । वडा कार्यालयको आर्थिक तथा प्रशासनिक नियन्त्रण नगर कार्यपालिकाको कार्यालयबाट नै हुदै आएको अवस्था विद्यमान छ ।

### ३.१.३ नगर कार्यपालिकाको कार्यालयको शाखाको कार्य विवरण

नगर कार्यपालिकाले बनाएको कार्यविभाजन नियमावलीमा उल्लेख भए अनुसार सङ्गठन अन्तर्गतका शाखाहरूको कार्यविवरण निर्धारण गरीएका छन । सो बमोजिम सम्वन्धित शाखाका शाखा प्रमुखहरूले आफुमातहत रहेका उपशाखा तथा ईकाइहरूको कार्यलक्ष्य, कार्य प्रगति, कार्यसमन्वय, र कर्मचारी मूल्याङ्कन समेतको आधारमा समीक्षा प्रतिवेदन प्रमुख प्रशासकीय अधिकृत मार्फत कार्यपालिकामा पेश गर्नुपर्दछ । प्रमुख प्रशासकीय अधिकृत कार्यालयको प्रशासनिक प्रमुख समेत रहेकोले मातहत सबै तहका कर्मचारीहरूको कार्यविवरण तयार गरी उपलब्ध गराउने र निर्देशन अनुसार कार्यसम्पादन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ३.१.४ संघ र प्रदेशसँग सम्बन्ध र अन्तरराष्ट्रिय सम्बन्ध

स्थानीय सरकारले संघ र प्रदेश सरकारका कानूनसँग नबाझिने गरी मात्र कानून बनाउनु पर्दछ ।संविधानको धारा २२६ को उपधारा १ का विषयमा कानून बनाउँदा उपधारा २ अनुसार प्रदेश कानून बमोजिम बनाउनु पर्ने स्पष्ट व्यवस्था भएकोछ । स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ९ अनुसार प्रदेश सरकारले कुनै

गाँउपालिका वा नगरपालिकाको ऐतिहासिक महत्व,पुरातात्विक वस्तु,कला संस्कृतिको संरक्षण वा पर्यटन प्रवर्द्धन गर्न आवश्यक देखेमा मापदण्ड र चारकिल्ला खोली साँस्कृतिक वा पर्यटकीयक्षेत्र तोकेमा त्यसको पालना र व्यवस्था स्थानीय तहले गर्नुपर्नेछ ।
संविधानको अनुसूची ९ मा उल्लेख भएका तीनै तहका सरकारका साझा अधिकारका विषयमा संघ, प्रदेश र स्थानीय तहले कामको सीमा र कार्यान्वयनको स्वरुप निर्धारण गर्नुपर्नेछ । साथै संविधानका धारा ५० र ५१ अनुसार राज्यका निर्देशक सिद्धान्त र राज्यका नीतिहरूको सम्मान पालना गर्नु स्थानीय तहको कर्तव्य हुनेछ । राज्यको नीति र कानूनको अधिनमा र अन्तरराष्ट्रिय सम्बन्ध वा भगिनी सम्बन्ध कायम गर्न सकिने छ ।

नेपालको संविधान र स्थानीय सरकार संचालन ऐन,२०७४ अनुसार स्थानीय सरकारले आफुलाई तोकिएका कतिपय अधिकारहरूको प्रयोग गर्दा संघ र प्रदेशको समन्वय र सहकार्यमा संघ र प्रदेश कानूनको अधिनमा रही गर्नु पर्ने तथा संघ वा प्रदेशले कुनै अधिकार वा जिम्मेवारी कानूनद्वारा प्रदान गर्न सक्ने व्यवस्था गरेको सन्दर्भमा तीनै तहका सरकार एक अर्काका पूरकका रूपमा संविधान र प्रचलित कानूनले स्वीकार गरेकोछ ।

### ३.१.५ मूलभूत कार्यहरू र सहायक कार्यहरू

विकास निर्माण, सुशासन र सेवा प्रवाह, नगर सरसफाई, वातावरण, वित्त व्यवस्थापन, राजस्व सङ्कलन र परिचालन, कर, शुल्क, दस्तुर सङ्कलन तथा ऋण लिने , शिक्षा, स्वास्थ्य, सहकारी, उद्योग व्यवसाय, बजार नियमन तथा नियन्त्रण, शांन्ति व्यवस्था, भूमिव्यवस्था आदि कार्यहरू गर्नै पर्ने प्रमुख कार्यहरू (**Core functions**) अन्तर्गत पर्दछन जसलाई जनता, सेवाग्राही र सरोकारवालाले तथ्यगत रुपमा अनुभूत गर्दछन् । सहायक कार्यहरू (**Non-core functions**) मूलभूत कार्यहरूलाई प्रभावकारी, कृयाशील र सहज बनाउने उद्देश्य र लक्ष्यमा आधारित रहेका हुन्छन ।

### ३.२ कार्य जिम्मेवारीको वर्गीकरण -

नेपालको संविधानबाट सूचिकृत गरेको स्थानीयतहको अधिकार सूचि सम्बद्ध कार्य जिम्मेवारी विश्लेषणका लागि देहाय बमोजिम कार्यहरूको वर्गीकरण गरीएको छ ।

क) नीति निर्माण, नियमन तथा अनुगमन कार्यहरू
यी कार्यहरू अन्तर्गत स्थानीय विकास नीति, कानुन, मापदण्ड तथा नियमन ढाँचा निर्माण गरी कार्यान्वयन गराउने र अनुगमन गर्ने कार्यहरू पर्दछन् । संविधानतः स्थानीयतहले स्थानीय नीति निर्माणसँग सम्बन्धित कार्यहरूको जिम्मेवारी निर्धारणा गरीएकाले सोही अनुसारको संरचना र कर्मचारीको व्यवस्था हुनु आवश्यक हुन्छ ।

ख) प्रशासकीय तथा सेवा प्रवाहको लागि आवश्यक कार्यहरू



पदम बहादुर बोहरा
नगर प्रमुख

क्षेत्रगत नीति तथा कानूनहरूलाई सेवा प्रवाह तहमा परिणत गर्न विभिन्न प्रशासकीय व्यवस्थाहरू र आधारहरू तयार गर्नु पर्दछ । सेवा प्रवाहको लागि गरीने भौतिक, आर्थिक र मानवश्रोतको व्यवस्था, सेवा तथा वस्तुको खरिद र वित्तीय व्यवस्थापन जस्ता महत्वपूर्ण पक्षहरूले प्रशासकिय संरचना र कर्मचारीको दायित्व सृजना गर्दछ ।

ग) पुर्वाधार निर्माण सम्वन्धी कार्यहरु

नगरस्तरका यातायात, विद्युत, सिंचाइ, खानेपानी सेवा लगायतका पूर्वाधार तथा विकास निर्माण सम्वन्धी कार्यहरुका लागि विभिन्नतहमा आवश्यक जनशक्ति र सङ्गठन सम्वन्धी पूर्वाधारहरुमा हुने व्ययभार पर्दछन । अतः संगठनात्मक संरचनाको अवधारणा वनाउदा जनस्तरको आवश्यकताका साथै जनतासंगसम्वन्धित प्रत्यक्ष सेवा प्रवाहका कार्यहरूलाई समेत आधार मानी संरचना निर्माण तथा कर्मचारीको व्यवस्था गरीनु पर्दछ ।

## ३.३ कार्यबोझ विश्लेषणको अवस्था र नगरपालिकाको कार्य जिम्मेवारी

मंगलसेन नगरपालिकामा वर्तमान अवस्थामा १४ वटा वडा कार्यालयहरु र कार्यपालिकाको कार्यालय अन्तर्गत शाखा उपशाखा इकाई गरी ३५इकाई समेत कुल ४९ इकाईहरुबाट तोकिएका कार्यक्षेत्र भित्रका कार्यहरु सम्पादन भइआएका छन । हाल कायम प्रत्येक शाखा र अन्तर्गतका उपशाखा वा इकाइहरुको छुट्टा छुट्टै कार्यवोझको अध्ययन एवम् विश्लेषण भइसकेको छैन । नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम र वार्षिक वजेट वक्तव्य मार्फत जाहेर भएका प्रतिबद्धताहरु पूरा गर्न गठन भएका वा स्थापना गरीने नयाँ इकाई तथा संरचनाहरुवारे पूर्व तयांरी र सो सम्वन्धी कार्यबोझ विश्लेषण भएको देखिंदैन ।

विषयगत शाखाहरुले अघिल्ला वर्षहरुमा सम्पादन गरीआएका कार्यहरु र प्रदान गरी आएका सेवाहरुलाई आधार मानी व्यवहारिक ढङ्गवाट विभिन्न शाखा उपशाखाहरुमा आवश्यक दरवन्दीका लागि गृहकार्य गरीएको देखिन्छ । यी कमजोर पक्षलाई सम्बोधन गर्दै प्रस्तुत विश्लेषणका आधारमा दरवन्दी प्रस्ताव गरिंदा संघ, प्रदेश र स्थानीय कानूनले स्थानीय तहलाई प्रदान गरेका अधिकार तथा कार्य जिम्मेवारीलाई प्रमुख आधार लिईएको छ ।

- नगरपालिकाको विभिन्न शाखाहरुबाट भइआएको वर्तमान कार्य सम्पादन,
- कार्यालय र वडा कार्यालयहरुको भौतिक तथा जनशक्ति क्षमता,
- प्रत्येक शाखा तथा इकाइहरुको कार्यबोझ,
- प्रमुख, उपप्रमुख, वडाध्यक्षहरु र कार्यपालिकाका सम्बद्धध पदाधिकारीको कार्यबोझ,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ८४ बमोजिम प्रमुख प्रशासकीय अधिकृतले सम्पादन गर्नुपर्ने काम कर्तव्य सम्बन्धी कार्यबोझलाई मूल आधार मानिएको छ ।

## ३.४सङ्गठन संरचना र दरबन्दी प्रक्षेपणका आधार

सङ्गठन संरचना तथा कर्मचारी संख्या निर्धारण र प्रक्षेपणका लागि देहायका आधारहरु लिइएको थियो ।



पदम बहादुर बोहरा
नगर प्रमुख

### ३.४.१ नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्य

सङ्गठन संरचना निर्धारण, कर्मचारी संख्या निर्धारण र भइरहेको कर्मचारीको समायोजन व्यवस्थापनका लागि नगरपालिकाले विधानतः सम्पादन गर्नुपर्ने विस्तारित समूहकृत कार्यसूचीलाई आधार मानिएको थियो । नगरपालिकाले सम्पादन गर्नुपर्ने कार्यहरू र शाखागत कार्यबोझ विश्लेषणका लागि विभिन्न प्रश्नसूचीहरु तयार गरी सूचना लिई विश्लेषण गरीएको थियो ।

### ३.४.२ वर्तमान दरबन्दीको अवस्था र कार्य सम्पादन

मंगलसेन नगरपालिकाको लागि पछिल्लो स्वीकृत दरबन्दी विवरण अनुसार विभिन्न श्रेणी र तहका पदहरू गरी सङ्घीय मामिला तथा सामान्य प्रशासन् मन्त्रालयले आ.व.२०७४।७५ मा उपलब्ध गराएको अस्थायी संगठनात्मक ढाँचा र दरबन्दी विवरण अनुसार कार्यपालिकाको कार्यालयका लागि प्राविधिक २३ र अप्राविधिक १८ गरी ४१ र वडा संख्याको आधारमा प्रतिवडाको लागि प्राविधक १ र अप्राविधक १ गरी २ दरबन्दीका दरले १४ वडाको लागि २८ समेत गरी जम्मा ६९ दरबन्दीको सीमा तोकेको थियो ।संगठन ढाँचा सहितको सो विवरण अनुसूचीमा राखिएको छ ।उल्लेखित पदहरूमा कार्यालय सहयोगी, सवारी चालक जस्ता श्रेणीविहीन पदहरू समावेश गरीएका छैनन ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलबाट नगरपालिका र अन्तगर्त समायोजन भइआएका तथा साविक देखि कार्यरत कर्मचारीको पछिल्लो विवरण अनुसार कुल कर्मचारी संख्या १७५ रहेको छ ।नगरपालिका गठन भए पश्चातपछिल्लो समयमा कार्यबोझ र दायित्वको लेखाजोखा नगरी थप इकाइहरु खडा हुँदै जाने बढ्दो प्रवृतिको दवावको कारण करारमा नियुक्ति हुने कर्मचारीको संख्या बढ्दै गएको देखिएको छ । सङ्घीय सरकारले काजमा पठाएका र समायोजन भइ आएका कर्मचारीहरुको कार्यसम्पादन अभ्यासमा नयाँ परिवर्तन देखिएको पाईदेन । पुरानो कार्य पद्धतिको निरन्तरताको कारण नयाँ संरचनाको स्थानीय सरकारको कार्यसम्पादन अपेक्षा अनुकुल प्रभावकारी हुन नसक्नु पनि एक कारण हो भन्न सकिन्छ ।

सङ्घीय प्रणाली कार्यान्वयन गर्न स्थानीय सरकारको प्रशासनिक संरचना निर्धारण गर्ने कार्य चुनौतिपूर्ण रहेको छ।स्थानीय सरकारले सम्पादन गर्नु पर्ने कार्यहरूको लागि मौजुदा साङ्गठनिक संयन्त्र र कर्मचारीहरूको व्यवस्थालाई समेत विश्लेषण गरी न्यूनतम एवम् अविच्छिन्न सेवाको सुनिश्चितता हुने गरी सङ्गठनात्मक संरचना र कर्मचारी दरबन्दी प्रस्ताव गरीएको छ ।

### ३.४.३ जनसङ्ख्या र कर्मचारीको अनुपात

मंगलसेन नगरपालिकाले सेवा पु-याउनु पर्ने भौगोलिक क्षेत्रको आकलन गर्दा २२०.१४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको नगरपालिका हो । वडा स्तरमा सेवा पुर्याउनु पर्ने जनसङ्ख्याको दृष्टिले १४ वडा रहेको यस नगरपालिकाको २०७८ को प्रारम्भिक जनसंख्या २६,८४३ रहेको तर नगरपालिकाको घरधुरी सर्वेक्षण अनुसार नगरपालिकाको जम्मा जनसङ्ख्या ३७,४९६रहेको छ । यस प्रतिवेदनको लागि नगरपालिका आफैंले



पदम बहादुर बोहरा
नगर प्रमुख

CamScanner

गरेको घरधुरी सर्वेक्षणको जनसङ्ख्यालाई आधार बनाएको छ ।यसर्थ, प्रति वर्ग किलोमिटर क्षेत्रफलमा १७०.३३ जनाको दरमा जनघनत्व रहेको देखिन्छ । क्षेत्रफलका हिसाबले वडा नं १३ सबैभन्दा ठुलो५६.७५ वर्ग कि.मी. र वडा न.३ सबैभन्दा सानो ३.६३ वर्ग कि.मी.रहेको देखिन्छ । यसर्थ पनि सङ्गठन विस्तार र उच्च दरबन्दीका कारण बढ्ने संचालन खर्च घटाउनका लागि सङ्गठन चुस्त राखिनु पर्छ ।

नगरपालिकाको हालको जनसङ्ख्या ३७४९६ र सो जनसङ्ख्यालाई सेवा पु-याउन उपलब्ध कुल कर्मचारी संख्या १७५ मान्दा एक कर्मचारीले औसत २१४ जनसङ्ख्यालाई सेवा पु-याउनु पर्ने देखिन्छ । संयुक्त राज्य अमेरिकामा न्युयोर्क, क्यालिफोर्निया लगायतका उच्च जनसङ्ख्या भएका बाहेकका प्रदेशका नगरपालिकाहरुमा एक कर्मचारीले झण्डै ५० जनालाई (प्रति १० हजार जनसङ्ख्याका लागि २०० देखि २५० कर्मचारीबाट व्यवस्थित सेवा पु-याएको पाईन्छ । आर्थिक मितव्ययिताको दृष्टिकोणबाट मंगलसेन नगरपालिकाको उल्लेखित अनुपात उपयुक्त देखिन्छ ।

## ३.५ सङ्गठन संरचना प्रस्ताव

माथी विभिन्न परिच्छेदहरुमा गरीएका विश्लेषण र नगरपालिकाको वर्तमान आवश्यकता अनुरुप प्रस्ताव गरीएको नगरपालिकाको सङ्गठनको ईकाइको सङ्गठन संरचना ढाँचाहरुर आवश्यक तहगत दरबन्दी संख्या अनुसूचि-२ मा राखिएको छ । कार्य जिम्मेवारीको हिसावले कार्य क्षेत्र विस्तार भए पनि दक्ष र चुस्त कर्मचारी संयन्त्र वन्न सकेमा कर्मचारी संख्या कम गरेर पनि सेवा प्रवाह र विकास निर्माणमा गतिशलता दिन सकिने गरी कर्मचारी दरवन्दी, शाखा (इकाइ समेत) प्रस्ताव गरीएको छ ।

प्रस्तावित सङ्गठन संरचना अनुसार कार्यपालिकाको कार्यालयमा रहने ६ वटा शाखा, १ शाखा सरहको इकाई र उपशाखा १५, शाखा अन्तर्गतका इकाई १० वटा समेत कुल ३२ ईकाइ हुनआउँछ ।यस बाहेक १४ वडा कार्यालय, ७ स्वास्थ्य चौकी,६ आधारभूत स्वास्थ्य केन्द्र र ४ वटा शहरी स्वास्थ्य क्लिनिक समेत जोडदा कुल इकाई ६३ हुन आउँछ । प्रस्तावित सङ्गठन संरचना अनुसार कार्यपालिकाको कार्यलय तर्फ ६२, वडा कार्यालय तर्फ ४१र स्वास्थ्य सेवा तर्फ ७२ समेतको लागि दरबन्दीको आंकलन गरीएकोले कुल कर्मचारी दरवन्दी संख्या १९५ हुन आँउछ । श्रेणी विहीन कार्यालय सहयोगी, सरसफाई कर्मी, फायरमेन र हल्का सवारी चालकको दरवन्दी ७१ प्रस्ताव गरीएको छ । उल्लेखित दरबन्दी बाहेक आवश्यक सरसफाइ, बगैंचा हेरचाह र मर्मत सम्भार लगायतका कामका लागि सेवा करारमा लिने प्रस्ताव गरीएको छ ।

## ३.६ कार्य विवरण

नेपालको संविधान अनुसारको अनुसूची ८ र ९ मा उल्लेखित कार्यसूची अनुसार सङ्घीय तथा प्रदेश कानून बमोजिमका कार्य जिम्मेवारी र कार्यक्षेत्रको दायरामा रही स्थानीय सरकार संचालन ऐन २०७४ को अन्य व्यवस्थाका साथै परिच्छेद ३ को दफा ११ मा उल्लेख भएको नगरपालिकाकोकाम, कर्तव्य र अधिकारको



पदम बहादुर बोहरा
नगर प्रमुख

कार्यान्वयनका लागि नगरपालिकाको साङ्गठनिक संरचनामा प्रस्ताव भएका शाखा उपशाखाहरूको कार्यविवरण अनुसूचिमा राखिएको छ ।

### ३.७ आर्थिक व्ययभार

कर्मचारीको दरबन्दीको आधारमा व्यहोर्नु पर्ने तलब भत्ता क.सं.कोष लगायतकाआर्थिक व्ययभारदेहायका आधारहरुमा विश्लेषण गरी निर्धारण गरीएको छ ।

- आव ०७८।७९ देखि लागु भएको नयाँ तलबमानमा आधारित ।
- आवश्यक तलब खर्च हिसाव गर्दा वर्षका लागि १५ महिना कायम ।
- निवृत्तिभरणको लागि आवश्यक पर्ने खर्च विश्लेषण नगरीएको।

प्रस्ताव गरीए बमोजिमको कर्मचारी सङ्ख्याका लागि लाग्ने वार्षिक तलब खर्च रु.९करोड७८ लाख ५० जहारहुन आउँछ ।तहगत तलबमानका आधारमा बार्षिक व्ययभार विवरण यसैसाथ संलग्न छ ।

पदम बहादुर बोहरा
नगर प्रमुख

# अध्याय ४- मूख्य सुझावहरु

संविधानको धारा २३२ (१) ले संघ, प्रदेश र स्थानीय तह विचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयमा आधारित हुने स्पष्ट व्यवस्था गरेको छ । मूलरुपमा संविधानको अनुसूची ८ मा उल्लेखितस्थानीयतहका अधिकार सूची सँग सम्वन्धित सेवाहरुलाई नै प्राथमिकतामा राख्ने र सोका लागि मात्र कार्यपालिकामा शाखा इकाइहरु खडा गर्नु वाञ्छनीय छ ।

मंगलसेन नगरपालिकालेआगामी केही वर्षहरुमा वर्तमान अवस्थाबाट माथिल्लोस्तरकोवर्गीकरणमा उक्लन आवश्यक पूर्वाधारहरुको पूर्वशर्तहरु पूरा गर्नसक्ने सम्भावनालाई दृष्टिगत गरी सङ्गठनको ढाँचा accommodative राख्ने प्रयास गरीएको छ । प्रस्ताव गरीएकोमा दरवन्दीहरु शाखागत कार्यबोझका आधारमा स्वीकृत गर्दैजानु उपयुक्त हुन्छ ।

सेवा प्रवाहमा चुस्ती र प्रभावकारीता भन्दा पनि कर्मचारीको वृत्ती विकासलाई प्राथमिकता दिइ दरवन्दीको प्रस्ताव गरीने परम्परागत सोचाइमा परिवर्तन गरी सङ्गठन निर्माण गर्दा बर्तमान कार्य जिम्मेवारी, दक्षता, क्षमता आदिको पर्याप्त विश्लेषण र उपलब्ध श्रोतसाधनका आधारमा सङ्गठन सम्वन्धी दायित्व निर्माण गर्ने तर्फ सोच राखिनु पर्छ ।

स्थानीय तहले सम्पादन गर्ने कार्यहरुको लागि आवश्यक पर्ने ज्ञान, सीप विश्लेषण गरी कर्मचारीको क्षमताको खाकाको आधारमा कर्मचारीको भर्ना, पदस्थापन, परिचालन तथा वृति विकासको प्रक्रिया निर्धारण गरीनु पर्दछ । अहिले स्थानीय तह रोजेर समायोजनका लागि आएका कर्मचारीहरूको अनुभव, योग्यता तथा क्षमताको उपयोग गरी सकेसम्म नगरपालिकाको सङ्गठनात्मक ढाँचा भित्र अटाउने गरी पद सोपान मिलाउन प्राथमिकता दिइनुपर्छ । कर्मचारीको व्यवस्थापन गर्दा अविच्छिन्न रुपमा सेवा प्रवाह हुनेगरी अधिकृतमुखी प्रशासन र बहुजिम्मेवारीको अवधारणा अनुरुप सङ्गठन निर्माण गरीनु उपयुक्त हुन्छ ।

स्वास्थ्य सेवा तर्फ कतिपय अत्यावश्यक सेवाहरू सन्तोषजनक रूपमा प्रवाह गर्न बर्तमान श्रोत साधन तथा जनशक्तिबाट सम्भव नहुँदा ती सेवाहरुका लागि छुट्टै इकाइ तथा जनशक्ति व्यवस्थापनको सट्टा वाह्य विज्ञ तथा निजी क्षेत्रसंग सहकार्य गरी साझेदारीमा लिने नीति किफायति हुने देखिन्छ ।

स्थानीय तहका कर्मचारीहरुको शासकीय व्यवस्थापन तथा सेवा सम्बन्धी विविध विषयमा क्षमता विकासका कार्यक्रमहरु नियमित रुपमा सञ्चालन गर्न प्रदेश सरकारको नीति अनुरुपप्रदेशस्तरका मानव संशाधन विकास सम्वन्धी निकायहरुको उपयोग गरीनु उपयुक्त देखिन्छ।

पदम बहादुर बोगटी

सुचना प्रविधिमा दक्ष जनशक्तिको सेवाका साथडिजिटल सेवाअभियान सफल हुन्छ ।स्थानीयतह हरुमा कम्प्युटर अधिकृत, कम्प्युटर इन्जिनियर र कम्प्युटर अपरेटरको सङ्ख्यात्मक वृद्धि मात्र देखिएको छ । नगरपालिकाको कार्यप्रणाली डिजिटल बनाउन सेवाहरुको पनि डिजिटलाइजेशनका लागि आवश्यक अध्ययन पश्चात पूर्वाधारमा लगानी गर्नु उपयुक्त हुन्छ ।

आधारभूत स्वाथ्य सुविधा प्रत्येक वार्डमा पु-याउने नीति अनुसार सबै वडाहरुमा आधारभूत स्वाथ्य केन्द्र मार्फत सेवा प्रवाह हुने गरी दरबन्दी व्यवस्था गरीएको छ । आधारभूत स्वास्थ्य इकाईहरुको लागि आवश्यक का.स.को व्यवस्था गरीएको छ तर श्रेणी विहिन का.सहरु आवश्यकता अनुसार करारमा अथवा मासिक ज्यालादारीमा व्यवस्था गर्न उपयुक्त हुन्छ।

श्रेणी विहीन पदहरु मध्ये हलुका सवारी चालक र कार्यालय सहयोगी वाहेक कार्यालयका लागि पालोपहरा, बगैंचा हेरचाह, सरसफाई सम्बन्धी काम तथा धारा, पानी, विद्युत र विधुतीय उपकरण, कम्प्युटर फोटोकपी मेशीन मर्मत जस्ता स्याहार सम्भार सेवाहरु करारमा लिइनु उपयुक्त हुन्छ ।

जनसङ्ख्या ,सेवा प्रवाह,र राजस्व सङ्कलन परिमाणका आधारमाक र ख प्रकारको वडाहरु वर्गीकरण गरी सोही अनुसार तह ५ र तह ४ तहका कर्मचारी वडा सचिव हुनेगरी सङ्गठन संरचना रहँदा प्रभावकारी हुने देखिएकोले वडा ढाँचाहरु प्रस्ताव गरीएको छ ।

यो सङ्गठन सर्वेक्षणले सुझाव गरेको सङ्गठन तालिका कार्यपालिकाबाट (ऐनको दफा ११ (ङ) ४ अनुसार) स्वीकृत गराई कार्यान्वयनमा लैजाने र संविधानको धारा २१८ अनुसार कार्य संचालन नियमावली वनाइ लागु गरीनुपर्छ।

पदम बहादुर बोहरा
नगर प्रमुख

# अनुसूचीहरु

## सन्दर्भसामाग्री


- नेपालको संविधान, २०७२
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- सार्वजनिक खरिद ऐन, २०६३
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- कार्य विस्तृतिकरण, नेपाल सरकार, २०७३
- सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका २०६६, नेपाल सरकार, सामान्य प्रशासन मन्त्रालय
- निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका २०६७, नेपाल सरकार, सा.प्र.मन्त्रालय
- मंगलसेन नगरपालिका, कार्य सम्पादन नियमावली, २०७४
- मंगलसेन नगरपालिका, नगर पार्श्वचित्र २०७५
- नेपालको जनगणना २०७८ प्रारम्भिक विवरण


पदम बहादुर बोहरा
नगर प्रमुख



CamScanner

## अनुसूची-१

नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूचीहरु:

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ.एम.सञ्चालन |
| ४. | स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन । |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८. | आधारभुत र माध्यामिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाई |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीड सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घर जग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ट नागरीक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद् व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

पदम बहादुर बोहरा
नगर प्रमुख



CamScanner

नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ,प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीः

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु |
| ६. | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद् व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरीवी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवहा र तथ्याङ्क |
| १२. | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. | सुकुम्वासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी |
| १५. | सवारी साधन अनुमती |

पदम बहादुर बोहरा
नगर प्रमुख




CamScanner

अनुसूची - २

मंगलसेन नगरपालिका,

नगर कार्यपालिकाको कार्यालयको नयाँ सङ्गठन संरचना



# नगरकार्यपालिकाको कार्यालयको संगठनात्मक ढाँचामा आधारित दरबन्दी विवरण

## क)नियमित सेवा तर्फ कायम रहने दरबन्दी विवरण

| क.सं | पद नाम | तह | सेवा तथा समूह | संख्या | जिम्मेवार शाखा / ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | उप सचिव | प्रशासन / सा.प्र. | १ | कार्यालय प्रमुख | कामकाज गर्न खटाइएको |
| २ | अधिकृत (शिक्षा प्रशासन) | नवौं | शिक्षा / शि.प्र. | १ | शिक्षा युवा तथा खेलकुद विकास शाखा | समायोजित/स्थायी |
| ३ | अधिकृत (सिभिल ईन्जीनियर) | नवौं/दशौं | ईन्जी, सिभिल/जन. | १ | पूर्वाधार विकास शाखा | समायोजित/स्थायी |
| ४ | अधिकृत (प्रशासन,सा.प्र) | आठौं/सातौं | प्रशासन / सा.प्र. | १ | सामान्य प्रशासन शाखा | समायोजित/स्थायी |
| ५ | अधिकृत (लेखा) | आठौं/सातौं | प्रशासन /लेखा | १ | आर्थिक प्रशासन/ वित्त व्यवस्थापन शाखा | समायोजित/स्थायी |
| ६ | अधिकृत (जनस्वास्थ्यं) | आठौं/सातौं | स्वास्थ्य / हे.ई. | १ | जनस्वास्थ्य उपशाखा | समायोजित/स्थायी |
| ७ | अधिकृत(कृषि प्रसार) | आठौं/सातौं | कृषि / कृषि प्रसार | १ | कृषि विकास उपशाखा | समायोजित/स्थायी |
| ८ | अधिकृत (पशु चिकित्सक / पशु विकास ) | आठौं/सातौं | कृषि / पशु स्वा. | १ | पशु सेवा शाखा / पशुपन्छी विकास उपशाखा | समायोजित/स्थायी |
| ९ | अधिकृत (प्रशासन,सा.प्र./ | सातौं/छैटौं | प्रशासन / सा.प्र. | २ | सामान्य प्रशासन शाखा | समायोजित/स्थायी |
| १० | अधिकृत शिक्षा | छैटौं | शिक्षा प्र | १ | शिक्षा युवा तथा खेलकुद उपशाखा | समायोजित/स्थायी |
| ११ | अधिकृत (.ई) | आठौं/सातौं/छैटौं | ईन्जी, सिभिल/जन. | १ | पूर्वाधार विकास उपशाखा | समायोजित/स्थायी |
| १२ | अधिकृत कानून | छैठौं | न्याय / कानून | १ | विधायन तथा कानून शाखा | समायोजित/स्थायी |
| १३ | अधिकृत आ.ले.प. | छैठौं | प्रशासन /ले.प. | १ | आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाई | समायोजित/स्थायी |
| १४ | सूचना प्रविधि अधिकृत | छैठौं | विविध | १ | सूचना प्रविधि शाखा | करार |
| १५ | सहायक | पाँचौं | प्रशासन / सा.प्र. | १ | प्रशासन तथा जनशक्ति विकास इकाई/ अन्तरसरकारी तथा संघसस्था समन्वय इकाई | समायोजित/स्थायी |
| १६ | सहायक | पाँचौं | प्रशासन / सा.प्र.१ | १ | खरीद तथा भण्डार उपशाखा (खरीद ईकाइ) | समायोजित/ स्थायी |
| १७ | सहायक | पाँचौं | ई.सिभिल/ | २ | पूर्वाधार विकास शाखा | समायोजित/ स्थायी |



पदम बहादुर बोहरा
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | मेकानिकल/इलेक्ट्रिसियन | १ | पूर्वाधार विकास शाखा | समायोजित/स्थायी |
| १८ | सहायक | पाँचौं | विविध | १ | महिला बालबालिका तथा समाज कल्याण उपशाखा | समायोजित/स्थायी |
| १९ | सहायक | पाँचौं | प्रशासन/राजश्व | १ | वित्त व्यवस्थापन | समायोजित/स्थायी |
| २० | सहायक | पाँचौं | प्रशासन | ३ | सामान्य प्रशासन | समायोजित/स्थायी |
| २१ | प्रा.सहायक | पाँचौं | शिक्षा प्रशासन | १ | शिक्षा युवा तथा खेलकूद विकास शाखा | समायोजित/स्थायी |
| २२ | हे अ | पाँचौं | स्वास्थ सेवा | १ | स्वास्थ्य उपशाखा | समायोजित/स्थायी |
| २३ | प.हे.न. | पाँचौं | स्वास्थ्य सेवा | १ | स्वास्थ्य उपशाखा | समायोजित/स्थायी |
| २४ | सहायक | पाँचौं | कृषि सेवा/ बागबनी/कृषि प्रचार प्रसार | २ | कृषि विकास उपशाखा | समायोजित/स्थायी |
| २५ | सहायक | पाँचौं | पशु सेवा | २ | पशुपन्छि विकास उपशाखा | समायोजित/स्थायी |
| २६ | लेखा सहायक | पाँचौं | लेखा प्रशासन | १ | वित्त व्यवस्थापन शाखा | समायोजित/स्थायी |
| २७ | सहायक | चौथो | कृषि सेवा | ३ | कृषि विकास उपशाखा | समायोजित/स्थायी |
| २८ | सहायक | चौथो | पशु सेवा | ३ | पशुपन्छि विकास उपशाखा | समायोजित/स्थायी |
| २९ | सहायक | चौथो | प्रशासन / सा.प्र. | १ | बैठक व्यवस्थापन तथा शिष्टाचार | समायोजित/स्थायी |
| ३० | सहायक | चौथो | प्रशासन / सा.प्र. | १ | वन वातावरण तथा विपद व्यवस्थापन इकाई | समायोजित/स्थायी |
| ३१ | सहायक | चौथो | सिभिल | ३ | पूर्वाधार विकास शाखा | समायोजित/स्थायी |
| | | | खा.पा.से.टे/इरिगेसन | १ | पूर्वाधार विकास शाखा | समायोजित/स्थायी |
| | | | ई.सर्वे | १ | पूर्वाधार विकास शाखा | समायोजित/स्थायी |
| ३२ | सहायक | चौथो | विविध | १ | महिला बालबालिका तथा समाज कल्याण | समायोजित/स्थायी |
| ३३ | सहायक कम्प्युटर अपरेटर | चौथो | विविध सेवा,प्रा. | १ | न्यायिक समिति | समायोजित/स्थायी |
| ३४ | का स श्रेणी विहिन | | | ८ | आवश्यकता अनुसार | करार |
| ३५ | भारी सवारी चालक | | | ४ | हेभी सवारीहरुको लागि | करार |




मंगलसेन नगरपालिका नगरकार्यपालिकाको कार्यालय मंगलसेन, अछाम सुदूरपश्चिम प्रदेश, नेपाल

पदम बहादुर बोहरा
नगर प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३६ | हलुका सवारी चालक | | | ३ | हलुका सवारीहरुको लागि | करार |
| ३७ | मालि, सरसफाई तथा सजावत | | | ५ | आवश्यकता अनुसार | करार |
| | | | जम्मा पद संख्या | ६८अठ सट्ठी | | |

# अनुसूची -०३

## मंगलसेन नगरपालिका अन्तर्गत वडा कार्यालयको सङ्गठन संरचना




| वडा कार्यालयको दरबन्दी विवरण | | | | क वर्गको वडा कार्यालय ५ वटा (जनसंख्या,सेवाप्रवाह,राजस्व ) | | ख वर्गको वडा कार्यालय ९ वटा (जनसंख्या, सेवाप्रवाह, राजस्व) | | जम्मा वडा कार्यालय १४ | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र | पद नाम | तह | सेवा /समूह | दरबन्दी | कुल पद | दरबन्दी | कुल पद | कुल दरबन्दी | कैफियत |
| १.१ | वडासचिव | पाँचौ | प्रशासन/सा.प्र | १ एक | ६ छ | --- | --- | ६ छ | वडानं. १,३, ५, १२, १३, र १४ |
| १.२ | वडासचिव | चौथो | प्रशासन/सा.प्र | ... | ... | १ एक | ८ नौ | ८ नौ | बाँकी ८ |
| २ | सहायक कम्प्युटर | चौथो | विविध | १ एक | ५ छ | -- | | ५ छ | वडा नं. ३, ५, १२, १३, र १४ |
| ३ | कार्यालय सहयोगी | | | १ एक | ६ छ | १ एक | ८ आठ | १४ चौध | वडा १ देखि १४ |
| | | जम्मा पद संख्या | | | १७ सत्र | | १६ सोह | ३३ तेत्तीस | |


पदम बहादुर बोहरा
नगर प्रमुख



CamScanner

## अनुसूची - ४

### नगरपालिका अन्तर्गतिरहेका स्वास्थ्य चौकी र आधारभूत स्वास्थ्य केन्द्रको सङ्गठन संरचना




| क) | नगर क्षेत्रमा साविक देखि रहेका स्वास्थ्य चौकी जम्मा ७ वटाको दरबन्दी विवरण | | | | |
|---|---|---|---|---|---|
| सि.नं | पद | तह | सेवा समूह | जम्मा पद | कैफियत |
| १ | सि.अ.हे.व./हे.अ. | छैटौं/पाँचौ | स्वास्थ्य / हे.ई. | ७ तीन | ईन्चार्ज समायाजित / स्थायी |
| २ | सि/.अ.न.मि | छैटौं/पाँचौ | स्वास्थ्य/ज.स्वा.न. | ७सात | समायेजित/ स्थायी |
| ३ | अ.न.मि | चौथो | स्वास्थ्य/ज.स्वा.न. | ७ सात | समायेजित/ स्थायी |
| ४ | अ.हे.व. | चौथो | स्वास्थ्य/ज.स्वा.न. | ७सात | करार |
| ५ | ल्याव सहयोगी | चौथो | स्वास्थ्य/प्याथोलोजी | ७ सात | करार |
| ६ | कार्यालय सहयोगी | श्रेणीविहिन | | ७सात | समायेजित/ स्थायी / करार |
| | जम्मा दरबन्दी | | | ४२ बयालिस | |
| ख) | आधारभूत स्वास्थ्य सेवा केन्द्र जम्मा १० वटाको दरबन्दी विवरण | | | | |
| सि.नं | पद | तह | सेवा समूह | जम्मा पद | कैफियत |
| १ | हे.अ/ अ.हे.व. | पाँचौ/चौथो | स्वास्थ्य / हे.ई. | १० दश | स्थायी / करार |
| २ | अ.न.मि. | पाँचौ/चौथो | स्वास्थ्य/नर्सिङ | १० दश | स्थायी / करार |
| ३ | कार्यालय सहयोगी (करार/ज्यालादारी) | श्रेणीविहिन | | १० दश | स्थायी / करार |
| जम्मा स्वास्थ्य सेवातर्फ दरवन्दी संख्या | | | | ७२ बहत्तर | |
| कुल दरवन्दी नगरपालिका, वडा र स्वास्थ्यको | | | | १९५ एक सय पञ्चानब्बे | |

पदम बहादुर बोहरा
नगर प्रमुख

## मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका ईकाइ सहितको दरबन्दी र व्ययभारको विवरण

| कार्यालय / ईकाइ | पद | तह | प्रशासन | प्राविधिक | जम्मा पद | तलव स्केल मासिक | कुल १५ महिनाको तलव खर्च | जम्मा वार्षिक तलब | कै. |
|---|---|---|---|---|---|---|---|---|---|
| १)नगर कार्यपालिकाको कार्यालय तर्फ | उपसचिव/अधिकृत | ९ | १ | २ | ३ | ४७,१००। | २१,१९,५००। | | थप तह |
| | अधिकृत | ८ | २ | ३ | ५ | ४३,७९३। | ३२,८४,४७५। | | |
| | अधिकृत | ७ | २ | ० | २ | ४१,१९९। | १२,३५,९७०। | | |
| | अधिकृत | ६ | २ | ३ | ५ | ४३,०५८। | ३२,२९,३५०। | | |
| | सहायक | ५ | ८ | १६ | २४ | ३७,२४९। | १,३४,०९,६४०। | | |
| | सहायक | ४ | २ | ७ | ९ | ३५,२८८। | ४७,६३,८८०। | | |
| | कार्यालय सहयोगी | | ८ | - | ८ | ३२,३८२। | ३८,८५,८४०। | | करारबाट |
| | भारी स.चा. | | ४ | - | ४ | २७,५७४। | १६,५४,४४०। | | करारबाट |
| | हलुका स.चा. | | ३ | - | ३ | २५,५७४। | ११,५०,८३०। | | करारबाट |
| | श्रेणी विहिनअन्य | | ५ | - | ५ | २२,९१२। | १७,१८,४००। | | करारबाट |
| | जम्मा पद संख्या | | ३७ | ३१ | ६८ | | | ३४७३३९२५। | |
| २) वडा कार्यालय १४ तर्फ | सहायक | ५ | ५ | | ५ | ३७,२४९। | २७,९३,६७५। | | |
| | सहायक | ४ | ९ | ६ | १५ | ३५,२८८। | ७९,३९,८००। | | |
| | श्रेणीविहिन | | १४ | - | १४ | २२,९१२। | ४८,११,५२०। | | करारबाट |
| | जम्मा पद संख्या | | २८ | ६ | ३४ | | | १५५४४९९५। | |
| ३) स्वास्थ्य सेवातर्फ | अधिकृत | ६ | - | ७ | ७ | ४८,१२६। | ५०,५३,२३०। | | |
| | सहायक | ५ | - | १३ | १३ | ४०,२७०। | ७८,५२,६५०। | | |
| | सहायक | ४ | - | ३५ | ३५ | ३८,१५०। | २,००,२८,७५०। | | |
| | श्रेणीविहिन | | ३७ | | ३७ | २२,९१२। | १,२७,१६,१६०। | | करारबाट |
| | जम्मा पद संख्या | | ३७ | ५५ | ९२ | | | ४,५६,५०,७९०। | |
| नगरपालिका अन्तर्गतका जम्मा पद संख्या | | | १०२ | ९२ | १९४ | जम्मा वार्षिक व्ययभार हुने रकम अंकमा | | ९५९२९७१०। | |
| अक्षरूपि जम्मा रकम नौ करोड उनान्साठी लाख उनान्तीस हजार सात सय दश मात्र । | | | | | | | | | |

धन्यवाद ।

पदम बहादुर बोहरा
नगर प्रमुख